कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालिकोट

☎ ०८७–४४०११८

प.सं. २०८०/८१ मितिः२०८०/१०/१५

च.नं. २०४

विषयः **सूचना टाँस सम्बन्धमा ।**

श्री जिल्ला प्रशाशन कार्यालय, कालीकोट ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कालीकोट।
श्री प्रदेश लेखा ईकाई, कालीकोट ।
श्री खाडाचक्र/तिलागुफा/रास्कोट/नगरपालिकाको कार्यालय, कालीकोट ।
श्री महाबै/शुभकालिका/नरहरिनाथ/सान्नीत्रिबेणी/पंचालझरना/गाउँपालिकको कार्यालय, कालीकोट ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब.२०८०/८१ को स्विकृत बार्षिक कार्यक्रम अनुसार बिभिन्न कार्यक्रम संचालनका लागि आबेदन दर्ता गर्ने सम्बन्धि सूचनाको प्रति १ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

-----------
भरत बहादुर वस्नेत
निमित प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट
☎ ०८७–४४०११८

प.सं. २०८०/८१ मितिः२०८०/१०/१५
सूचना नं. ०३

## सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको चालु आर्थिक बर्ष २०८०/८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्नु पर्ने भएकोले लक्षित क्षेत्रका इच्छुक कृषक/बेरोजगार कृषि प्राबिधिकहरुबाट दरखास्त आह्वावन को लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८०/११/१५ गतेका दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन पेश गर्नुहुन जानकारी गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त आबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्वन्धी थप जानकारीका लागि कार्यालयको *Website: adokalikot.karnali.gov.np* हेर्न वा टेलिफोन नं. ०८७-४४०११८ मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम/लक्षित क्षेत्र | इकाई | परिमाण |
|---|---|---|---|
| १ | बेरोजगार कृषि प्राविधिकहरुको छनौट, अभिमुखिकरण तथा लागत सहभागिता अनुदान | संख्या | ४ |
| २ | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | पटक | १ |

<u>आवस्यक कागजातहरु:</u>

१. संचालन गरिने क्रियाकलापहरुको कार्यान्वयन योजना तथा लागत इष्टिमेट सहितको निवेदन।
२. कार्यक्रम संचालन गरिने क्षेत्रको जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि र करार संझौता।
३. प्रस्तावकको पासपोर्ट साइजको फोटो र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
४. कृषि प्राबिधिकको हकमा शैक्षिक योग्यता प्रमाण पत्र ।
५. मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारका लागि कम्तिमा पाँच वर्ष देखिको व्यवसायिक प्रतिफलको प्रगति प्रतिबेदन (उत्पादन, बिक्री, आम्दानी, रोजगारी सिर्जना)
६. जिल्ला भित्र रही कृषि व्यवसाय संञ्चालन गर्ने प्रतिवद्धता ।
७. सम्वन्धित स्थानीय तह वडा कार्यालय/कृषि शाखाको सिफारिस पत्र।

भरत बहादुर वस्नेत
निमित प्रमुख

**पूनश्च:** *पैतिस देखि पचास बर्ष उमेर समूहका र बैदेशिक रोजारिबाट फर्केका प्राविधिकहरुलाई बिशेष प्राथमिकता दिईने छ।*